“पर्यटन, कृषि, शिक्षा र पूर्वाधार, समृद्ध बन्दिपुर निर्माणको मूल आधार”



# श्रम तथा रोजगार शाखा- वार्षिक प्रतिवेदन २०८०/०८१



## बन्दीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बन्दीपुर तनहुँ

## प्रतिवेदन साराँश

नेपालको सँविधान २०७२ को धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकको रुपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धो ऐन २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ जारी भएको छ। उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको पहिचान र सूचिकरण गर्ने कार्य हुदै आएको छ । रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारिको प्रत्याभूती गरेको छ । यस बन्दिपुर गाउँपालिकामा २०७५ फाल्गुन २६ गते देखी औपचारिक रुपमा रोजगार सेवा केन्द्रको स्थापना भई सञ्चालनमा रहेको छ । रोजगारीको हक सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था अनुसार आ व २०८०।८१ का लागि सूचिकृत भएका बेरोजगार व्यक्तीहरुलाई न्युनतम रोजगारीमा समावेश गरिएको थियो ।

यस बन्दिपुर गाउँपालिकामा कूल ३५० जना बेरोजगार व्यक्तीहरु न्युनतम रोजगारिको लागि सूचिकृत भएका थिए ।सुचिकृत भएका मध्येबाट बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्ददर्शन २०७६ बमोजिम प्राथमिकीकरणमा परेका ७२ जनालाई वडा न २,३,४,५र ६ का १४ वटा पुर्वधार निर्माण योजनमा सँलग्न गरि औषतमा ५५ दिनको रोजगारी श्रृजना भएको छ। जसमा नेपाल सरकार मार्फत ५ वटा योजनाहरुमा ३९ जनालाई १२५८ दिनको रोजगारीमा सँलग्न भएका छन भने यूवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत ९ वटा योजनाहरुमा ३७ जना खटाई २६५५ दिन रोजगारी सृजना भएको छ । यस कार्यक्रमबाट चौतारा निर्माण गोरेटोबाटो सिढी निर्माण पोखरी निर्माण पहिरो रोकथाम लगायतका योजनाहरु सम्पन्न भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम यूवा रोजगारीका लागि रुपान्तरण पहल कार्यक्रम मार्फत एकल महिला दलित र आदिवासी जनजातीहरु लाभान्वित भएका छन।

सुरक्षित आप्रवासन कार्यक्रम सामी मार्फत ११७ जना महिला र २ पुरुष गरि ११९ जना वित्तीय साक्षरताका कक्षा मार्फत लाभान्वित भएका छन । वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित र व्यवस्थित बनाउन सूचना परामर्श सम्बन्धी कार्यहरु उक्त समूह मार्फत गरिएको छ भने वैदेशिक रोजगारीमा जान चाहने सँभावित व्यक्तीहरुलाई २ पटक गहन अभिमुखिकरण र ४ वटा सामुदायीक अभिमुखिकरण सम्पन्न भएका छन । वैदेशिक रोजगारीको कारणले सामाजिक लागत त बढाएकै छ साथै विभिन्न किसिमका मनोसामाजिक समस्याहरु पनि बढाएको छ । मनोसामाजिक परामर्श सम्बन्धी २० जनालाई परामर्श प्रदान गरिएको छ ।

श्रम तथा रोजगार शाखाबाट आव २०८०।८१ मा श्रम स्वीकृती सम्बन्धी ५ जना महिला र ११२ पुरुष गरि ११७ जनालाई सहजिकरण गरिएको छ। प्रमुख गनतव्य मूलुकमा क्रमश साउदी यूएई र कतार रहेको छ । वैदेशिक रोजगार बोर्डको सहयोगमा वैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यहरुलाई स्वास्थ्य उपचार सम्बन्धी ३० वटा निवेदन दर्ता भएका छन ति मध्ये ८ जनाले रकम प्राप्त गरेका छन । वैदेशिक रोजगार सन्तती छात्रवृती कार्यक्रममा १४ जना छात्रछात्राको निवेदन सिफारिस गरि पठाईएको छ ।

शरण सिँह गुरुङ
रोजगार सँयोजक

# विषयसूची


१. पृष्ठभूमी........................................................................४

२. बन्दिपुर गाउँपालिकाको परिचय .......................................५

३. श्रम तथा रोजगार शाखा ..................................................६

४. श्रम तथा रोजगार शाखाबाट प्रदान गरिने सेवाहरु...............६

५. श्रम तथा रोजगार शाखाका कार्यक्षेत्र

अ. प्रधामन्त्री रोजगार कार्यक्रम ........................................७

आ.कार्यक्रमको दीर्घकालिन सोच.........................................७

इ. कार्यक्रमको लक्ष्य.........................................................७

ई. कार्यक्रमको उद्धेश्य ......................................................८

क. न्युनतम रोजगारी ..........................................................८

ख.बेरोजगारहरुको तथ्याँकन सँकलन र अध्यावधिक ...................११

ग. श्रमको सम्मान कार्यक्रम ..................................................११

घ. रोजगार सँवाद मञ्चको गठन तथा सञ्चालन ..........................१२

ङ. रोजगार रणनीति तर्जुमा ..................................................१२

उ. वैदेशिक रोजगारी सम्बन्धी

च. श्रम स्वीकृती सहजिकरण ................................................१३

छ. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई निःशुल्क परामर्श..........१४

ज. सामाजिक सुरक्षा कोषमा आबद्ध........................................१४

झ. वैदेशिक रोजगार बोर्डका कार्यक्रममा सहजिकरण ...................१५

ञ. सूचना तथा परामर्श सेवा प्रदान...........................................१५

ट. वैदेशिक रोजगारमा जानेहरुका लागि सीप तालिममा सिफारिस तथा सहभागी............१७

ठ. वैदेशिक रोजगारीमा गएका घरपरिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कक्षा...........१७

ड. मनोसामाजिक परामर्श सेवा ..............................................१८

६. कार्यक्रमको सामाजिक तथा आर्थिक प्रभाव.......................१९

७. कार्यक्रमको वित्तीय प्रगती..................................................१९

८. सुझाव.......................................................................२०-२१

९. तस्विरहरु...................................................................२२-२४

# १. पृष्ठभूमी

नेपालको संविधानको धारा ३३ मा मौलिक हकको रुपमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक हुनेछ भने भएको व्यवस्थालाई कार्यान्वयन गर्न बनेको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम प्रत्येक नेपाली नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागी आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम ल्याएको हो । सरकारले आर्थिक वर्ष २०७५|७६ को नीति तथा कार्यक्रम र बजेट मार्फत सार्वजनिक विकास निर्माणका कार्यक्रहरुमा रोजगारीका अबसरमा सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिक वाध्यताले वैदेशिक रोजगारीमा जानु पर्ने अबस्थाको अन्त्य गर्ने घोषण गरेको थियो। सो अनुसार वि.सं.२०७५ फाल्गुनन १ गते सम्मानीय प्रधानमन्त्री ज्यूले रोजगार कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो।


नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारी छनौट गर्न पाउने हक, धारा ३४ ले प्रत्येक व्यक्तिलाई उचित श्रम अभ्यास गर्न पाउने हक तथा धारा ३४ ले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रुपमा सुनिश्चितता गरेको छ। त्यस्तै राज्यका निर्देशन सिद्वान्त तथा नीति अन्तर्गत धारा ५१ (राज्यका नीतिहरुको (झ) मा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष दक्ष व्यवससायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,श्रमिक र उद्दमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सिप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन २०७५मा बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

नेपालको संघीय संरचना तीन तहको रहेको छ। तीनै तहको सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धि संवैधानिक अधिकार प्राप्त छ। तीनै तहका सरकार अन्तर्गतका निकायहरुबाट सार्वजनिक विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु संचालन हुने गरेका छन्।यसरी विभिन्न तहका सरकार र निकायहरुबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु बिच समन्वय र सहकार्यको कमीले गर्दा रोजगारी सिर्जना प्राथमिकतामा नपरेको देखिन्छ।

रोजगारी सिर्जना गर्दा सार्वजनिक क्षेत्रका विकास निर्माण सम्बन्धि कार्यक्रम तथा आयोजनाहरुमा श्रमिकको माग हुने र माग बमोजिमका श्रमिकहरुको आपूर्ति रोजगार सेवा केन्द्र मार्फत हुने भई सबै तहमा श्रमको माग र अपूर्तिको औपचारिक संयन्त्रको समेत विकास हुनेछ। यस्तो संयन्त्रले स्थानीय स्तरमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा हुने श्रमिकको माग र आपूर्ति बीचमा सहजीकरण र संयोजनको भूमिका समेत निर्वाह गर्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नीजी, सहकारी तथा गैर सरकारी क्षेत्रसंग समेत समन्वय र सहकार्य गरी तीन क्षेत्रहरुमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ। श्रमिकमा हुने क्षमता तथा सीप अभावका कारणले बजारमा देखिएको श्रमिकको माग र आपूर्तिका बीच अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सीप विकास तालिम कार्यक्रमहरु समेत संचालन गरिनेछ। बेरोजगार व्यक्तिहरुले आफूसंग भएको सोच, सीप अनुभवका आधारमा स्वारोजगार हुन चाहेमा आवश्यक पर्ने सीप तथा उद्दमशीलता अभिवृद्धि गर्न उद्दमशील अभिवृद्धि गर्न उद्दमशीलता तालिम प्रदान गर्ने र उद्दमको अवधारणाको मूल्यांकनका आधारमा सहुलियतपूर्ण ऋण सहायता उपलब्ध गराउने व्यवस्था समेत यस कार्यक्रम मार्फत गरिनेछ ।

## २. बन्दिपुर गाउँपालिकाको परिचय

बन्दिपुर गाउँपालिका, गण्डकी प्रदेश तनहुँ जिल्लामा पर्यटकीय महत्त्व बोकेर १०२ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको सानो तर विविधताले सजिएको सुन्दर गाउँपालिका हो। आ.व. २०७०/७१ (२०७१ बैशाख २५ गते) मा साविक धरमपानी र बन्दिपुर गाउँ विकास समितिहरुलाई समेटेर बन्दिपुर नगरपालिका घोषणा गरिएको थियो। वि.स. २०७३ सालमा नेपालको नयाँ प्रादेशिक संरचना कायम भएसंगै साविक बन्दिपुर नगरपालिका, घाँसीकुवाका गा.वि.सका १ र ९ वडाहरु र केशवटार गा.वि.सका १, ८ र ९ वडाहरुलाई समावेश गरि ६ वडाहरु सहितको बन्दिपुर गाउँपालिका घोषणा भएको हो। बन्दिपुर, तनहुँ जिल्लाको पुरानो सदरमुकाम हो। यो शहर मोटर यातायातको सुविधा नहुँदा पश्चिम पहाडका तनहुँ, कास्की, लम्जुङ्ग, गोर्खा र मनाङ्गको लागि दक्षिणबाट सामान ल्याउने मुख्य व्यापारिक नाकाको रुपमा विकास भएको थियो। यस ठाउँबाट बि.स. २०२५ सालमा सदरमुकाम दमौली सारिए पनि सांकृतिक सम्पदा र प्राकृतिक मनोरमताको प्रचारप्रसारसंगै बन्दिपुर व्यापारिक नाकाबाट पर्यटकीय स्थानको रुपमा विश्वभर नै प्रसिद्धि छ।




| |
|---|
| जम्मा जनसँख्या: १८५३२ |
| जम्मा घरधुरी :५२०८ |
| जनघनत्व :१८२ |
| जम्मा क्षेत्रफल१ :०१.५३ वर्ग कि.मी |
| श्रोत: राष्ट्रिय जनगणना (२०७८) |

## ३. श्रम तथा रोजगार शाखा




रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा १० बमोजिम नागरिकलाई व्यावसायीक सीप विकास, रोजगार प्रबर्द्धन ,दनशिल रोजगार सृजनाउत्पा , आप्रवासन लगायतका श्रम तथा ,उद्यमशिलता प्रवर्द्धन रोजगार सम्बन्धी सेवा तथा सुविधा प्रदान गर्नका लागि बन्दिपुर गाउँपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएको हो। रोजगार सम्बन्धी कार्यकहरु एकिकृत रुपमा सँचालन गर्न रोजगार सेवा केन्द्रलाई श्रम तथा रोजगार शाखाको रुपमा विकास गरिएको हो । रोजगार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रदान गरिने सेवाहरु स्थानीय तहबाटै सहजिकरण गर्नका लागी यसको स्थापना भएको हो

## ४. श्रम तथा रोजगार शाखाबाट प्रदान गरिने सेवाहरु

- बेरोजगार व्यक्तीको तथ्याङ्क संकलन तथा विश्लेषण
- रोजगार दाताको सीप तथा श्रमिकको अभिलेख राख्ने
- सीप तथा क्षमता विकास
- श्रमको सम्मान राष्ट्रको अभियान
- रोजगा संवाद मञ्चको संचालन
- वैदेशिक रोजगार सम्बन्धी सेवा
- पुन श्रम स्वीकृति सम्बधी सेवा
- वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवाहरुमा सहजिकरण
- रोजगार परामर्श तथा रेफरल सेवा
- रोजगार विनिमय सेवा
- सामाजिक सुरक्षा कोषबाट प्रदान गरिने सेवाहरु
- बाल श्रम निवारण सम्बन्धी कार्यहरु
- सुरक्षित आप्रवासन सम्बन्धी सेवाहरु

## ५. श्रम तथा रोजगार शाखाका कार्यहरु

### अ. प्रधानमन्त्री रोजगार कार्यक्रम




नेपालको सँविधानको धारा ३३ मा प्रत्येक नागरिकलाई (१) रोजगारीको हक हुने उल्लेख भए बमोजिम रोजगारीको हकसम्बन्धी र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ ,ऐन२०७५ जारी भई कार्यन्वयनमा रहेका छन्। ऐन र नियमावली प्रावधान अनुरुप रोजगारमूलक सेवा तथा सुविधाको विस्तार गर्न एवम् नागरिकलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्दै सामाजिक सँरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका साथ आदेखि प्रधानमन्त्री रोजगार 0७६।२०७५व . कार्यक्रम कार्यन्वयनमा ल्याइएको छ ।

रोजगारीको हक सम्बन्धी ऐन २०७५ ले प्रत्येक स्थानीय तहको मातहतमा रही बेरोजगार व्यक्तिहरुको सूचना संकलन, पहिचान र सूचीकरण, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागी श्रमिक उपलब्धताको जानकारी तथा रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्ने गरी रोजगार सेवा केन्द्रको स्थापना हुने व्यवस्था अनुसार बन्दिपुर गाउँपालिकामा विधिवत रुपमा मिति २०७५ फाल्गुन २६ गते रोजगार सेवा केन्द्रको स्थापना भई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा आएको हो। प्रधानमन्त्री रोजगार कार्यक्रममा आबद्ध हुन हरेक वर्षको फाल्गुन महिनामा सूचीकृत हुन निवेदन दिनु पर्ने प्रावधान छ।

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ ले रोजगार सेवा केन्द्रमा सूचीकृत भएको वेरोजगार व्यक्तिहरुलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीको प्रत्याभूति गरिने व्यबस्था गरेको छ। यसरी सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, सरसफाई, नदि नियन्त्रण, वन पर्यटन, यातायात, पूर्वाधार लगयतका अन्य सार्वजनिक निर्माण कार्यमा रोजगारी प्रदान गरिने छ।प्रधानमन्त्री रोजगारी कार्यक्रमले यी कामहरुको अलावा बेरोजगार व्यक्तिहरुको लागी रोजगार सेवा तथा सहायता,बेरोजगार व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा स्वरोजगारी सिर्जनामा नीजि क्षेत्रहरुसँग सहकार्य र समन्वय समेत गरिनेछ।

### आ. कार्यक्रमको दीर्घकालिन सोच

ज्ञान सिप र क्षमतायुक्त प्रतिस्पर्धी श्रमशक्तीको विकास र उत्पादनशिल आन्तरिक रोजगारी श्रृजना मार्फत श्रमशक्तीको स्वदेशमै पूर्ण उपयोग गरि आर्थिक समृद्धि हासिल गर्न **सबैका लागि रोजगारीको प्रत्याभूती मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु** यस कार्यक्रमको दिर्घकालीन सोच रहेको छ ।

### इ. कार्यक्रमको लक्ष्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले स्वदेशमानै रोजगारीका अवसरहरु श्रृजना गरि आगामी ५ वर्ष भित्र वैदेशिक रोजगारिमा जाने वाध्यात्मक अवस्थाको अन्त्य गर्नका लागि **"आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सँरक्षणको प्रवर्द्धन"** लक्ष्य निर्धारण गरेको छ ।

## ई. कार्यक्रमको उद्धेश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमले माथि उल्लेखित सोच र लक्ष्य हासिल गर्न देहाय अनुसारका उद्धेश्यहरु रहेका छन।

- बेरोजगार व्यक्तीलाई न्यूनतम रोजगारीको प्रत्याभूती गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने
- दक्ष तथा सक्षम जनशक्तीको विकास गरि आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने
- सरकारी नीजि सहकारी तथा गैरसरकारी क्षेत्रहरुबिचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने
- आन्तरिक रोजगारी सिर्जनाको लागि आवश्यक नीतिगत र सँरचनागत व्यवस्था गर्ने
- सार्वजनिक पुर्वधारहरुको निर्माण स्तरउन्नती र विस्तारमा योगदान गर्ने
- आन्तरिक रोजगारी सिर्जना सम्बन्धी अध्ययन अनुसन्धान गरि रोजगारीका नया क्षेत्रहरुको पहिचान गर्ने



### क) न्यूनतम रोजगारी

रोजगारीको हक सम्बन्धी नियमावली २०७५, को नियम ७ बमोजिम कुनै व्यक्ती एक आर्थिक वर्ष सम्म न्यूनतम १०० दिन रोजगारीमा सँलग्न नभएको, स्वरोजगारमा सँलग्न व्यक्तीको हकमा एक आर्थिक वर्षमा न्यूनतम एकसय दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम भएको व्यक्तीलाई बेरोजगार भनि परिभाषित गरेको छ।

नियमावलीको यहि व्यवस्था भित्र रहेर फागुन मसान्त सम्म आवेदन पेश गरि रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ठ भएका व्यक्तीहरुलाई स्थानिय स्तरमा हुने विकास निर्माण कार्यमा सहभागी गराई काम गरेवापतको ज्याला प्रदान गर्ने कार्यक्रम हो।

प्रधानमन्त्री रोजगार कार्यक्रमको लक्ष्य  अति विपन्न परिवारको एक सदस्य, बेरोजगार व्यक्तिलाई एक आर्थिक वर्षमा न्युनतम १०० दिनको रोजगारीमा सँलग्न गराउनु अर्थात् कम्तिमा रु.57,700I- बराबरको आम्दानिको अवसर दिनु हो।

यस बन्दिपुर गाउँपालिकाभित्र आर्थिक वर्ष २०८०/०८१ मा सूचिकृत बेरोजगार सँख्या ३५० जना रहेकोमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत  जना  र यूवा रुपान्तरण पहल कार्यक्रमबाट ४० जना गरि  जना अदक्ष कामदारले न्युनतम रोजगारी १०० दिनका लागि पालिकाभित्रका विभिन्न वडाहरुमा संचालित गाउँपालिका एवम् वडास्तरीय १४ वटा योजनाहरु सम्पन्न भएका छन् । १४ वटा योजनाहरुबाट औसतमा ५४।५  दिन रोजगारी श्रृजना भएको छ।

बन्दिपुर गाउँपालिकाभित्र आ.व. २०८०-०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारीत कूल १४ योजनाहरु सञ्चालन भई सम्पन्न भएका छन्। ति योजनाहरुलाई कार्यशैली तथा तिनीहरुको प्रकृतिका आधारमा तिनको विवरण तलको तालिकाबाट स्पष्ट हुन सकिन्छ।

| क्र.सं. | योजना | संख्या | वडा | भौतिक प्रगती |
|---|---|---|---|---|
| १ | चौतारो निर्माण | ३ | ३, ४ र ५ | ७ वटा चौतारी मर्मत |
| २ | पक्की तथा सुख्खा सिढी बाटो निर्माण,मर्मत | ९ | २, ३, ४, ५ र ६ | १०५० मिटर बाटो निर्माण |
| ३ | साईकल लेन मर्मत | १ | ३ र ५ | ८ किलीमिटर लेन मर्मत |
| ४ | तटबन्धन तथा पहिरो रोकथाम | १ | २ | ७५ घनमिटर जाली लगाईएको |
| ५ | सडक मर्मत | ३ | २,३,५,६ | १८३० मिटर नाला सरसफाई |







## चौतारो निर्माण




चौतारी र नेपाली जनजीवनबीच पुरानो र बहुआयामिक साइनो छ। चौतारीसँग जोडिएको साइनोका अनगन्ती आयाम हाम्रै वरिपरि छरपष्ट छन्। ईतिहास नियाल्दा राजाहरुले न्याय–निसाफ छिन्ने देखी गाँउबेसी उकालो लाग्दा थकाइ मेट्ने विश्रामस्थल, गर्मी हुँदा छहारी लाग्ने ठाउँ जहा रोपिने बरपिपरको समेत धार्मिक साँस्कृतिक र वातावरणीय महत्व रहेको । गाउँ ,बस्तीमा चौतारो हुनुलाई शुभ मानिन्छ । विकासमा नाममा बाटो बनाउदा यस्ता चौताराहरु धमाधम मासिने क्रममा रहेको हुनाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आव २०८०-८१ मा ७ वटा चौतारोको मर्मतसम्भार गरिएको छ। जसबाट ४३० दिनको रोजगारी समेत प्राप्त भएको छ।

## पक्की तथा सुख्खा सिढी निर्माण/मर्मत

यातायातको सुबिधा बढेसँगै कच्ची तथा पक्की सडकको निर्माण साथै तिनको साथ नालीको निर्माण अपरिहार्य छ तिनको निरन्तर मर्मत र सरसफाई पनि वर्षायाममा पहिरो तथा भेलले नाली तथा सडक पुरिने हुनाले तिनको अविछिन्न सरसफाईले तिनलाई दीर्घकालीन प्रयोग ल्याउन मद्दत पुग्दछ र सडक संरक्षणमा टेवा पुग्दछ।



## साईकल लेन मर्मत

बन्दिपुर गाउँपालिका पर्यटकीय सम्भावना बोकेको स्थानीय तह हो जहाँ धेरै पर्यटकको प्रवाह रहेको छ। साहसी पर्यटकहरुलाई लक्षित गरी डाडाँकाडाँ कुना, भिर, कन्दरामा साईकल कुदाँउन मर्मतका लागी थियो।आर्थिक वर्ष २०८०-०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत साईकललेनको निर्माण गरिएको छ। जसबाट ८१२ दिन रोजगारी श्रृजना भएको छ।



## तटबन्धन तथा पहिरो रोकथाम

वर्षायाममा खहरेखोला तथा पहिरोको जोखिम भई विभिन्न प्रकोपको प्रलय हुने हुनाले त्यसलाई तटबन्धन गरी जनधनको सुरक्षा गर्नुपर्ने हुन्छ। पहिरोको जोखिम भएको सडकको छेउ कुनाका जमिनलाई भासिन नदिनका लागी पनि जाली लगाउन पर्दछ त्यसले बाढी, बस्ती तथा खेतबारीमा पस्न नदिन र सडक तथा जमिनको क्षती रोकथाम गर्दछ।



### नाला, सडक तथा बाटो सरसफाई

यातायातको सुबिधा बढेसँगै कच्ची तथा पक्की सडकको निर्माण साथै तिनको साथ नालीको निर्माण अपरिहार्य छ तिनको निरन्तर मर्मत र सरसफाई पनि वर्षायाममा पहिरो तथा भेलले नाली तथा सडक पुरिने हुनाले तिनको अविछिन्न सरसफाईले तिनलाई दीर्घकालीन प्रयोग ल्याउन मद्दत पुग्दछ र सडक संरक्षणमा टेवा पुग्दछ।



## ख) बेरोजगार व्यक्ति सूचीकरण



रोजगारीको हक सम्बन्धो ऐन २०७५ र रोजगारीको हक सम्बन्धी नियमावली २०७५ जारी भएको छ । उक्त ऐनले प्रत्येक स्थानीय तह मातहत रहने गरि रोजगार सेवा केन्द्रको स्थापना भई बेरोजगारहरुको पहिचान र सूचिकरण गर्ने कार्य हुदै आएको छ । रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारिको प्रत्याभूती गरेको छ । प्रत्येक आर्थिक वर्षको फाल्गुन मसान्त भित्र आफु बसोबास गर्ने स्थाई ठेगाना भएको वडा कार्यालयमा गएरर सूचिकृत हुनका लागि आवेदन पेश गर्नुपर्दछ । निवेदन माथी छानबीन गरि वडा मार्फत प्राप्त भएका बेरोजगारहरुको सूचि कार्यपालिकाबाट प्रमाणिकरण गरि रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरि प्राथमिकिकरणमा परेका लाभग्राहीहरुलाई क्रमश योजना खटाईन्छ ।

आ.व. २०८१।०८२ का लागी पारिश्रमिकमा आधारित परियोजनाहरुमा काम गर्नका लागी बन्दिपुर गाउँपालिकाका ६ वटै वडामा बेरोजगार व्यक्तिको तथ्यांक संकलन गर्दा ३५४ जना बेरोजगार व्यक्तिको विवरण संकलन भएको छ। संकलित बेरोजगार व्यक्तिको तथ्यांक तल तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | २२ | ३९ | ६१ |
| २ | ४१ | २५ | ६७ |
| ३ | ३३ | १७ | ५० |
| ४ | ११ | ५ | १६ |
| ५ | ४० | २८ | ६८ |
| ६ | ३८ | ५५ | ९३ |
| | | जम्मा | ३५४ |

## ग)श्रमको सम्मान कार्यक्रम



मुलुकको आन्तरिक रोजगारी प्रवर्द्धन गर्नको लागि श्रम तथा रोजगारीका क्षेत्रमा न्यूनतम मानवीय मर्यादा राख्ने, श्रम बजारको माग बमोजिमको सीप तथा क्षमता विकास गर्ने, उपलब्ध रोजगारीका अवसरमा साथै जाती तथा वर्णलाई समावेश गर्ने काम तथा श्रमिकको सम्मान हुने वातावरण संचालनका लागि बन्दिपुर गाउपालिकामा एक दिने कार्यक्रम सँचालन गरिएको छ। बन्दीपुर गाउँपालिकाले दुर्गम क्षेत्रमा रहेका अति विपन्न सिमान्तकृत महिला दलित लगायत दिनभरि श्रम गरेर बिहान बेलुकाको छाक टार्ने वर्गलाई लक्षित गरि प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागीता बढाउन तथा समाजमा रहेका सबै किसिमका श्रमसँग सम्बन्धित विभेदहरु हटाउन अभियान सँचालन गरिएको हो।

## घ) रोजगार सँवाद मञ्चको गठन तथा सञ्चालन



बन्दिपुर गाउपालिमा रोजगारीको क्षेत्रमा हरेका अवसर तथा सँभावनाहरुको पहिचान समस्याहरुको निदान र रोजगारी सृजनाका नवितनम उपाय ढाचाहरुको विकास गर्नका निमित रोजगारीका क्षेत्रसँग जोडिने सेवाप्रदायक, उद्योग वाणिज्य सँघ, होटल व्यवसायी सँघ, तालिम प्रदायक सँस्था लगायत अन्य Stake holder हरु बैठक बसि छलफल गरियो।

कार्यक्रम बन्दीपुर गाउँपालिकाकको अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षामा बसी रोजगार सँम्बन्धि विविध विषयमा छलफल गरिएको थियो जसमा रोजगारदाता र अवसरको खोजिमा रहेका व्यक्तीहरुको विवरण सँकलन तालिम प्राप्त जनशक्तीको विवरण सँकलन गर्ने ,श्रम बैकको सँचालन Job link portal को विकास, रोजगारदाताहरुले कर्मचारी आवश्यक भएमा Job link मा राख्ने वा रोजगार सेवा केन्द्रमा पठाउने र सो सम्बन्धी जनशक्ती सेवा केन्द्रले उपलब्ध गराउने जस्ता विषयमा छलफल गरिएको थियो।

## ङ) रोजगार रणनीति सम्बन्धी कार्यहरु


रोजगारिको हकको प्रभावकारी कार्यान्वयन स्थानीय तहमा उपलब्ध हुने रोजगारका अवसरहरुको पहिचान गर्न रोजगारदाताहरुको अभिलेख राख्न श्रमिक तथा सीपको अभिलेख राख्न तथा स्वरोजगारको सँभाव्यताको पहिचान गर्न रोजगार रणनीतिको मस्योदा तयार गरिएको छ। जसमा गणकहरुलाई श्रम बजार सम्बन्धी अध्ययनको लागी Kobo software मार्फत तथ्याँक सँकलन गरिएको थियो।

## ३. वैदेशिक रोजगारी सम्बन्धी सेवा

### क) बन्दिपुर गाउँपालिका वैदेशीक रोजगारीमा जानका लागि श्रम स्वीकृति:

यस बन्दिपुर गाउँपालिका श्रम तथा रोजगार शाखाबाट आव २०८०/०८१ मा नयाँ १० वटा र पुनः श्रम स्वीकृति १०७ वटा गरि कूल ११७ जनाको श्रम स्विकृतीमा सहजिकरण गरिएको छ ।

| क्र.सं. | गन्तव्य देशको नाम | कूल संख्या | महिला | पुरुष | दक्ष | अदक्ष |
|---|---|---|---|---|---|---|
| १ | साउदी अरेबिया | ३६ | ० | ३६ | २२ | १४ |
| २ | कतार | २१ | ० | २१ | १२ | ९ |
| ३ | युएई | ३५ | २ | ३३ | २६ | ९ |
| ४ | कुवेत | १० | २ | ८ | ६ | ४ |
| ५ | मलेशिया | ४ | ० | ४ | २ | २ |
| ६ | क्रोएशिया | २ | ० | २ | १ | १ |
| ७ | पोल्याण्ड | १ | ० | १ | १ | ० |
| 8 | जापान | १ | ० | १ | १ | ० |
| ९ | बहराईन | ३ | ० | ३ | २ | १ |
| १० | ओमन | १ | ० | १ | १ | ० |
| ११ | रोमानिया | ३ | १ | २ | २ | १ |
| जम्मा | | ११७ | ५ | ११२ | ७६ | ४१ |



नेपाल सरकारबाट  खुला गरिएका १११ देशहरु मध्ये खाडि मुलुकहरुमा जाने व्यक्तीहरु उच्च रहेको तथ्याकले देखाएको छ।  ९० प्रतिशत कामदारहरु अर्थात ११७ जनामध्ये १०६ जना खाडी मुलुकमा रोजगारीको लागि प्रस्थान गर्ने गरेको देखियो छ। खाडी मूलुकमा  जाने नेपाली कामदारको सँख्यामा वृद्धि हुनुमा लागत कम लाग्नु ,प्रक्रिया सहज हुन ,न्युनतम शैक्षिक योग्यता तथा अदक्ष कामदार पनि जान पाउनु लगायत विभिन्न कारणहरु रहेको देखिन्छ।

वैदेशीक रोजगारीमा जाने व्यक्तिहरुको तथ्याङ्क केलाउँदा वैदेशीक रोजगारीमा जानुपूर्व सीप सिकेर दक्ष भई जाने कामदारहरुको संख्यामा हालका दिनहरुमा उल्लेखनीय वृद्धि भएको देखिन्छ।  विगतमा नेपालबाट वैदेशीक रोजगारीको शिलशिलामा ईजरायल र कुवेतमा घरेलु कामदारमा मात्र जाने नेपाली महिला कामदारहरु वर्तमान समयमा अन्य देश र पेशामा समेत जाने गरेको पाईएको छ। यस बन्दिपुर गाउँपालिकाबाट आ 081/2080 .व.मा ५ जना महिला कामदारले श्रम स्वीकृति लिएका छन् जसमध्ये १ जना घरेलु कामदार , जना दक्ष कूक पेशामा अनुबन्धित रहेका १जना सेल्स र  ३ छन्यस तथ्याङ्कले महिला कामदारहरुको वैदेशीक रोजगारीको  , आएको प्रस्ट हुन जान्छ। अवस्थामा क्रमिक सुधार

## ख वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई निःशुल्क परामर्श

रोजगार सेवा केन्द्र, बन्दिपुरले वैदेशिक रोजगारीमा जान चाहने युवाहरुलाई निःशुल्क परामर्श सेवा प्रदान गर्दै आईरहेको छ। वैदेशिक रोजगारीमा जान खोजेका व्यक्तिहरु धेरैजसो ठगी धन्दामा पर्ने हुनाले त्यसको नियन्त्रणमा टेवा दिन यो परामर्श सेवा प्रदान गर्नु अत्यावश्यक छ। विदेश जानु पूर्व गन्तव्य देश प्रतिबन्धित छ छैन? श्रम स्वीकृतिबारे ज्ञान छ छैन? परिवारिक सरसल्लाह बमोजिम हो हैन? सहजिकरण गर्ने संस्था विश्वासिलो, भरपर्दो र ईजाजतप्राप्त हो कि हैन? जान लागेको काम बारे आफूसंग ज्ञान छ छैन? आदि ईत्यादि बारे गहन तरिकाले परामर्श दिईन्छ ता कि ति व्यक्तिहरुको वैदेशिक रोजगारीको अवधीभर कुनै पनि दुःख बाधाको सामना गर्नु नपरोस।

## सामाजिक सुरक्षा कोषमा आबद्ध

वैदेशिक रोजगारीमा जाने व्यक्तिले श्रम स्वीकृति लिँदा सामाजिक सुरक्षा कोषमा आबद्ध हुनैपर्ने नियम लागू गरिएको छ। वैदेशीक रोजगारीका लागि श्रम स्वीकृति लिने क्रममा कम्तिमा १ महिनाको सामाजिक सुरुक्षा कोष शुल्क अर्थात रु. 2,308।- (वा बढीमा 32,460।- स्वेच्छाले अधिकमा) तिर्नुपर्ने हुन्छ। यसरी नै प्रत्येक व्यक्तिको स्वसिर्जित सामाजिक सुरक्षा कोषको आईडी मार्फत प्रत्येक महिना सो रकम तिर्न सकिन्छ। यसरी तिरेको रकम पछि भविष्यमा सामाजिक सुरक्षा कोषमा आबद्ध व्यक्तिहरुलाई नै सामाजिक तथा आर्थिक तरिकाले सवल बनाउन तथा सुरक्षा प्रदान गर्नमा उपयोग हुन्छ।

सामाजिक सुरक्षा कोषमा आवद्ध भए पश्चात सामाजिक सुरक्षा कोषका विभिन्न प्याकेजहरु रहेका छन ति प्याकेज अन्तरगत स्वास्थ्य उपचार खर्च, अँगभँग, सुरक्षित मातृत्व योजना, पेन्सन सुविधा जस्ता विभिन्न सुविधाहरु प्राप्त गर्न सक्नेछन।

## वैदेशिक रोजगार बोर्डका कल्याणकारी कार्यक्रममा सहजिकरण

वैदेशीक रोजगार बोर्डद्वारा संचालित कल्याणकारी कार्यक्रमहरुमा रोजगार सेवा केन्द्रले सहजिकरणको काम गर्दै आईरहेको छ। वैदेशिक रोजगारीको क्रममा विदेशमा रहने बेलामा कुनै दुर्घटनामा परे, ठगी चोरि, दीर्घ रोगबाट ग्रसित भएमा तिनलाई राहत तथा उद्धार गर्ने कार्य गर्दै आईरहेको छ। आ.व. 2080।081 को असार मसान्तसम्म आईपुग्दा बन्दिपुर गाउँपालिकाबाट निम्न तालिकामा उल्लेख गरिएको अनुसार सेवा प्रवाह गरिएको छ।

| केशका प्रकृती | प्राप्त केश संख्या | समाधान भएका केश संख्या | आर्थिक सहायता | कैफियत |
|---|---|---|---|---|
| ठगी | ५ | २ | रु ५००००।०० | (MRC-Tanahun) |
| उद्धार | ३ | ३ | ० | (MRC-Tanahun) |
| पारिवारिक स्वास्थ्य उपचार सहयोग (वैदेशिक रोजगार बोर्ड मार्फत) | ३० | ८ | रु.३४०००००।०० | २२ वटा प्रक्रियामा रहेको |
| वैदेशिक रोजगार सन्तती छात्रवृद्धि कार्यक्रममा सहजिकरण | १३ जना | | | प्रक्रियामा |
| **जम्मा** | **५१** | **१३** | **३९००००।००** | |

## सुचना तथा परामर्श सेवा



वैदेशिक रोजगारलाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउन सुरक्षित आप्रवासन कार्यक्रमले विभिन्न किसिमका जनचेतनामूलक कार्य्रक्रम सँचालन गर्दै आईरहेको छ ।

- **रिट्र्नी स्वयसेवक मार्फत सुचना प्रदान**: ८३२ पुरुष र १२४० महिला गरि जम्मा २०७२ जना ।



- **सामुदायिक अभिमुखिकरण मार्फत सुचना प्रदान**
  बन्दिपुर गाउँपालिका अन्तरगत वडा न १,३,५ र ६ नम्बरको क्रमश: नाहाला,रामकोट, झारगाउँ र डाडाछाप आँगटारीमा गरि ४ वटा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी समुदाय स्तरमा अभिमुखिकरण सम्पन्न गरियो । जसमा ५६ जना पुरुष ७७ जना महिला गरि १३३ जनाले सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण प्राप्त गरेका छन।

| वडा नं. | स्थान | सहभागी सँख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | नाहाला | ४ | ३० | ३४ |
| ३ | रामकोट | १६ | १३ | २९ |
| ५ | झारगाउँ | २५ | २० | ४५ |
| ६ | डाडाँछाप | ११ | १४ | २५ |



- **गहन अभिमुखिकरण मार्फत सुचना प्रदान:** वैदेशिक रोजगारीमा जान चाहने सँभावित व्यक्तीहरुका लागि वैदेशिक रोजगारीमा जादा अपनाउनुपर्ने सावधानीहरु वैदेशिक रोजगारीका समस्या एवम चुनौतीका विषयमा २ वटा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ जसमा २० पुरुष र १२ महिला गरि जम्मा ३२ जना लाभान्वित भएका छन।




## पारिवारिक अभिमुखिकरण कार्यक्रम

सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता तथा मनोसामजिक परामर्श कक्षा संचालन गरिएको समुहका सहभागीहरुको परिवारका सदस्यलाइ गरिएको पारिवारिक अभिमुखिकरण कार्यक्रममा निम्नानुसार रहेको छ ।

| वडा न | स्थान | सहभागी सँख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | नाहाला | २९ | १ | ३० |
| २ | खहरे | ३३ | ७ | ४० |
| ५ | थुम्का | १० | २० | ३० |
| ६ | घमलछाप | २४ | ११ | ३५ |



## वैदेशिक रोजगारमा जानेहरुका लागि सीप तालिममा सिफारिस तथा सहभागी:

- खानाबास सहित १ महिनाको निशूल्क सीप तालिममा सूचना प्रकाशन तथा सिफारिस :

३ महिला जना ९पुरुष जम्मा ६ ,(**MRC-Tanahun/**आप्रवासन स्रोत केन्द्र दमौली मार्फत)

## वैदेशिक रोजगारमा गएका घरपरिवारलाई वित्तीय साक्षरता कक्षा

वित्तीय भन्नाले सामान्य रुपामा पैसा अथवा आर्थिकलाई बुझिन्छ भने साक्षर भन्नाले सिक्नु, जान्नु, बुझ्नु, सिकाउनु हो। यसले वित्तीय सेवा उपलब्ध गराउनेहरुलाई समेत उनीहरुको सेवा वा उत्पादनको बारेमा राम्ररी बुझ्न, उक्त उत्पादनसगँ जोडिएको जोखिमबाट पहिचान गर्न र त्यसलाई व्यवस्थापन गर्न आफ्ना आवश्यकतालाई परिमार्जन गर्न सहयोग पुर्याउछ।



नेपालमा वित्तीय साक्षरता आज सबै स्तरका मानिसहरुलाई अत्यन्त आवश्यक देखिएको छ।वित्तीय एउटा बैक कारोबार मात्र नभइ आफ्नो जीवन स्तरलाई उकास्नु हो। उच्च शिक्षा हासिँल गरेका ठुला ठुला मानिसमा समेत वित्तीय कारोबारको पूर्ण ज्ञान नभएको स्थिति छ।उपयुक्त वित्तीय शिक्षाको अभावमा उचित निर्णय लिना नसक्दा गम्वीर आर्थिक दुर्घटना हुनबाट र समाजमा नकारात्मक असर पर्ने अवस्था पनि देखिएको छ। हामीले वित्तीय ज्ञान सम्बन्धि जस्तै बजेट निर्माण गर्ने त गर्ने तथा बच ,आम्दानी र खर्चको विवरण तयार गर्ने, ऋण लिने प्रक्रिया र विमाका बारेमा धेरै मानिसलाई जानकारी भएको हुदैन। यसले गर्दा अनावश्यक रुपमा खर्च गर्ने श्रम शोषणमा पर्ने तथा आफ्ना स्रोत साधनको अनुत्पादक क्षेत्रमा प्रयोग हुन सक्ने जस्ता सम्भावना देखिन्छ।त्यस कारण सकेसम्म पैसाको उचित व्यवस्था गर्ने र आफु मात्र नभई समाज परिवारप्रति वित्तीय लक्ष्य निर्धारण गर्ने वित्तीय ज्ञान सिपको एकदमै महत्वपूर्ण रहेको छ।



वित्तीय साक्षरता सम्बन्धी ज्ञान वैदेशिक रोजगारीमा गएका घरपरिवार आवश्यकता रहेको छ। वैदेशिक रोजगारीबाट प्राप्त रकमलाई अनुत्पादक मनोरन्जन र विलासी क्षेत्रमा खर्च गर्ने बानी बढिरहेकोले वित्तीय साक्षरता सम्बन्धी कक्षा आवश्यक रहेको छ। वित्तीय साक्षरता सम्बन्धी भएका क्रियाकलापहरु निम्नुसारका छन

- सहभागी छनोट प्रि-सर्भे

| जनजाती | दलित | क्षेत्री | जम्मा |
|---|---|---|---|
| ४६ | २५ | ५७ | १२८ |

- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सँचालनका लागि समुह गठन तथा कक्षा सँचालन

| वडा न | टोल | सहभागी सँख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | नाहाला | ३० | ० | ३० |
| २ | खहरे | ३१ | ० | ३१ |
| ५ | थुम्का | ३० | ० | ३० |
| ६ | घमलछाप | २६ | २ | २८ |
| जम्मा | | ११७ | २ | ११९ |

जातजाती अनुसार सहभागी सँख्या

| जम्मा सहभागी संख्या | महिला | पुरुष | जनजाती | दलित | क्षेत्री | अन्य |
|---|---|---|---|---|---|---|
| ११९ | ११७ | २ | ३६ | २५ | ५८ | ० |

वित्तीय साक्षरता कक्षा अन्तरगतका ११९ जना सहभागीहरुलाई १७ हप्ते वित्तीय साक्षरता र ४ हप्ता मनोसामाजिक परामर्श सम्बन्धी गरि २१ हप्ते कक्षा सँचालन गरि साक्षार गरिएको छ । जस अन्तरगत सुरक्षित विप्रेषण, बचत र बजेट उद्यम र उद्यमशिलता विकास, सुचना, प्रविधी तथा विद्युतीय कारोबार, लाञ्छाना र भेदभाव आदि विषयमा सहभागीहरुलाई साक्षार गरिएको छ ।



## मनोसामाजिक परामर्श सेवा

मनोसामाजिक परामर्शकर्ता र सेवा सहयोग लिने व्यक्ति (सेवाग्राही)बीचको एउटा योजनाबद्द सहयोगको प्रक्रिया हो, जसमा मनोसामाजिक परामर्शकर्ताले सहयोगको खाँचो समस्यामा ) (परेको भएका व्यक्तिलाई सीपमा आधारित कुराकानीको माध्यमबाट उसका समस्या व्यवहार र अप्ठ्याराहरुको सुधार वा समाधानमा सहयोग गर्दछ। मनोसामाजिक परामर्शमा परामर्शकर्ताले समस्या समाधानका लागि कुनै पनि सल्लाह वा सुझाव दिदैन बरु सेवा लिने व्यक्तिलाई उसका समस्या समाधानका उपायहरु ऊ भित्रबाट नै निकाल्न खोज्न सहयोग गर्दछ।

| जम्मा केश २८ वटा | महिला२७- | पुरुष१- |
|---|---|---|
| केशका प्रकारहरु | | |
| पिरचिन्ताको केश | १४ | |
| आघात जन्य केश | ४ | |
| आत्माहत्या | १ | |
| डिप्रेशन | ४ | |
| मानसिक औषधी सेवन गर्ने | २ | |
| हिंसा सम्बन्धित केश | ३ | |
| सामुहिक मनोपरामर्श | ४ वटा समूह | |

## ६. कार्यक्रमको सामाजिक र आर्थिक प्रभाव

### प्रधानमन्त्री रोजगार कार्यक्रम:-

फागुन महिनामा आफु बसोबास गर्ने वडामा गई न्यूनतम रोजगारीका लागि आवेदन पेश गरेका बेरोजगारहरुलाई प्राथमिकता क्रम अनुसार सामुदायीक पुर्वधार विकास निर्माणका कार्यमा खटाईएको छ जसबाट गाउँमै रोजगारी प्राप्त भई जीवनस्तरमा सुधार आएको छ । सामान्य खर्चका लागि साहुसँग चर्को ब्याजदरमा ऋण सापटि लिनुपर्ने अवस्थाको अन्त्य भई बिहान बेलुकीको गुजरा चलेको छ । घरको काम धन्दा सकेर अन्यमा काम गर्न पनि सहज भएको छ । बालबच्चालाई पढाउन घर व्यवहार चलाउन सहज भएको छ । गाउँघरमै रोजगारी प्राप्त हुने भए पछि पारिवारिक सम्बन्ध पनि बलियो भएको छ । आफ्नो गाउँठाउको विकासमा हातेमालो गर्न पाएका छन । श्रमको सम्मान भएको छ। समान काम गरे वापत समान ज्याला पाईन्छ ज्यालामा महिला र पुरुष विचको विभेद भएको छैन। ज्याला रकम सिधै बैक खातामा जम्मा हुने भएकोले वित्तीय चेतना र पहुँच समेत बढाएको छ । भोलीका लागि बचत गर्ने बानीको विकास भएको छ । अत यस कार्यक्रमले गाउँठाउँमै रोजगारी समान काम गरे वापत समान ज्याला रोजगारिमा महिला र पुरुष विचको विभेदको अन्त्य, गाउँठाउको विकासमा सरिक हुने अवसर, कामप्रति सम्मान गर्ने बानीको विकास , बैङ्किक पहुच जस्ता कयौ सकरात्मक कुराहरुको माध्यमबाट सशक्तीकरण गर्ने गरेको छ ।

### सुरक्षित आप्रवासन कार्यक्रम (सामी)

सुरक्षित आप्रवासन कार्यक्रम सामीले वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि विदेश जानु अघि कसरीकुन कुन , ठगिनाबाट कसरी जोगिन भन्ने विषयमा जानकारी दिई सचेत गराएको छ । वैदेशिक रोजगारीमा गएका ,कसरी जाने ,प्रक्रिया मार्फत पयघरपरिवारलाई वित्तीय साक्षरता सम्बन्धी सहजिकरण पश्चात बचत गर्ने बानीको विकास भएको छ । कतिसहभागीहरु आयआर्जन तर्फ लागेका छन भने कतिपयले साना ब्यावसायको सुरुवात गरेका छन। वैदेशिक रोजगारीको कारण सृजित समस्याहरु लान्छानाहरु कम भएका छन। डिप्रेसनमा गएका हरुलाई मनोसामाजिक परामर्श पश्चात पुन समाजमा घुलमिल तथा पारिवारिक सम्बन्ध पनि राम्रो भएको छ । वैदेशिक रोजगारीमा गएका घरपरिवारले पाउने स्वास्थ्य उपचार खर्च प्राप्त भएको जसले बिरामीलाई उपचार खर्चमा सहायता मिलेको छ । यस कार्यक्रमबाट विप्रेषणको सही सदुपयोग गर्न सिकेका छन् । दैनिक जिवनमा आईपर्ने जोखिमबाट बच्न विभिन्न उपायहरु अबलम्वन गर्न सक्षम भएका छन् । महिलाहरुको क्षमता तथा व्यक्तीत्व विकास भएको छ । साथै बित्तीय स्रोतको परिचालन गर्दा उचित निर्णय लिन खर्चबचत र ऋणको हिसाब किताब राख्नुका साथै उचित व्यवस्थापन गर्न सक्षम भएका ,आम्दानी , छन्।

## ७. वित्तीय प्रगती

| क.स | शिर्षक | श्रोत | विनियोजन रकम | खर्च रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कर्मचारीको तलब, पोशाक कार्यालय सँचालन खर्च | आई.डि.ए | १४३६००० | ११७७८३८ | २५८१६२ | |
| २ | रोजगारी श्रृजना | आई.डि.ए | २६७२००० | १६९८३९० | ९७३६१० | |
| ३ | कर्मचारीको तलब, पोशाक | नेपाल सरकार | ५७८००० | ५७०१२८ | ७८७२ | |
| ४ | रोजगारी श्रृजना | नेपाल सरकार | १९२२००० | ९५२५६८ | ९६९४३२ | |
| | जम्मा | | ६६०८००० | ४३९८९२४ | २२०९०७६ | ६६।५६ |
| ५ | पालिकाबाट साझेदारी | गाउपालिका | २०५०००० | १८३९३४२ | २१०६५८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | | | २०५०००० | १८३९३४२ | २१०६५८ | ८९।७२ |
| ६ | कर्मचारीको तलब | सामी | १६१४००० | १५६४८०३.५६ | ४९१९६.४४ | |
| ७ | कक्षा/तालिम सँचालन खर्च | सामी | ३५९००० | ३३७९७२ | २१०२८.०० | |
| ८ | कार्यक्रम व्यवस्थापन खर्च | सामी | ८०००० | ५९११५ | २०८८५.०० | |
| ९ | अभिमुखिकरण/आप्रवासन प्रोफाईल/विविध खर्च | सामी | ६०७००० | ५३३०१० | ७३९९० | |
| १० | अनुगमन | सामी | ४०००० | ३२००० | ८०००.०० | |
| जम्मा | | | २७००००० | २५२६९००।५६ | १७३०९९।४४ | ९३।५८ |
| कुल जम्मा | | | ११३५८००० | ८७६५१६७ | २५९२८३३ | ७७% |

## ८. सुझावहरु


- निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी विभिन्न क्षेत्रहरुमा थप रोजगारीका अबसहरु सिर्जना गर्नुपर्ने
- नेपालको रोजगारीको भविष्य (Future of work), Employment Trend Analysis Employment Forecast सम्बन्धी अध्ययन अनुसन्धान गर्नुपर्ने र अध्ययनले तोकेको रोजगारीको क्षेत्र(Job Sector)अनुसार नै जनशक्ति उत्पादन गर्न केन्द्रित हुनु पर्ने
- नेपालको श्रम बजारलाई व्यवस्थित एवम प्रभावकारी रुपमा चलायमान बनाउन सूचना प्रविधिमा आधारित प्रस्तावित NEMIS को निर्माण र सञ्चालन गर्नुपर्ने
- रोजगार सेवा केन्द्रको सञ्चालन, नियन्त्रण र रेखदेख गर्ने नेतृत्व संघीय सरकारले गर्नपर्ने
- रोजगारि सिर्जना एवम प्रवर्द्धन तथा सीप एवम क्षमता विकासमा तीनै तहको सरकारको अहम भूमीका रहने भएकोले रोजगार सेवा केन्द्रको सञ्चालन एवम व्यवस्थापनमा लागत साझेदारीको नीतिगत प्रावधान गर्नुपर्ने
- एकद्वार प्रणालीबाट एकीकृत रुपमा रोजगारमूलक सेवाको सञ्चालन एवम व्यवस्थापन गर्न रोजगार सेवा केन्द्रको क्षमता विकास गर्दै जानु पर्ने
- विभिन्न निकायहरुबाट सञ्चालन हुने व्यवसायिक तथस सीपमूलक तालिमहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई पहिलो प्राथामिकता दिने वा केही प्रतिशत सूचिकृत बेरोजगारहरुको लागी छुट्टयाउने गरी नीतिगत व्यवस्थाका लागी सम्बन्धित निकायसंग समन्वय गर्नु पर्ने
- प्राविधिक एवम व्यवसयिक सीप विकास तालिमका लागी रोजगार सेवा केन्द्रलाई तालिम केन्द्रहरुसंग आबद्ध गर्न जरुरी रहेको
- साना तथा मझौला उद्योगहरुलाई लक्षित गरी जनशक्ती तयार गर्नु पर्ने

- बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई तालिम पश्चात मात्र पठाउने व्यवस्था गर्नुपर्ने
- बेरोजगार व्यक्तिहरुलाई उपलब्ध रोजगारीका अबसरमा प्रदान रोजगारदाताहरुको सूचीकरण वा संलग्न गर्न निजी क्षेत्र वा रोजगारदाताहरुलाई प्रोत्साहन गर्न आवश्यक नीति तथा कार्यक्रम (जस्तैः कर भन्सारमा छुट, निशुल्क दर्ता, विधुत शुल्कमा तालिम आदि) अंगिकार गर्नु पर्ने,
- युवारुप परियोजना अन्तर्गत सञ्चालन हुने सीप विकास तालिममा औधोगिक क्षेत्र लक्षित तालिमहरु पनि सञ्चालन गर्नुपर्ने,
- श्रमिकमा हुने क्षमता तथा सीप अभवका कारणले श्रम बजारमा दक्ष श्रमिकको माग र आपूर्ति बीचको अन्तरलाई कम गर्न रोजगारी सिर्जना हुन सक्ने क्षेत्रको पहिचान गरी सो क्षेत्रमा चाहिने आवश्यक दक्ष जनशक्ति तयार गरी श्रम बजारमा आपूर्ति गर्नुपर्ने,
- संङघ, प्रदेश र स्थानीय सरकारहरुबाट रु, एक करोडसम्म लागत अनुमान भएका आयोजनाहरु सञ्चालन गर्दा प्राविधिक दृष्टिकोणबाटमेसिनको प्रयोग नगरी सम्भव नहुने भनी तोकिएको प्राविधिक टोलीले सिफरिस गरेको खण्डमा बाहेक सबै आयोजनाहरुमा श्रमिकको उपलब्धमा भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्ने कानून व्यवस्था रहेकोले सो प्रावधानलाई कडाईका साथ कार्यान्वयन गर्न मन्त्रालयले परिपत्र गर्नुपर्ने,
- तीनै तहका सरकार वा नीजी क्षेत्रले आयोजना सञ्चालन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै काममा लगाउन सरोकारवालाहरु निकायहरुसंग समन्वय र अन्तरक्रिया गर्नुपर्ने,
- आन्तरिक रोजगारी सिर्जना गर्न रोजगार सेवा केन्द्रमा रोजगारदाता सूचीकरणका लागी प्रोत्साहन गर्ने नीति अंगिकार गर्नुपर्ने
- तीनै तहका सरकार अन्तर्गतका निकायहरुबाट स्वयंसेवक परिचालन गर्नुपर्ने खण्डमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई नै परिचालन गर्ने नीतिगत व्यवस्थाका लागी समन्वय गर्नुपर्ने,
- स्थानीय रोजगार रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागी श्रोत व्यवस्थापनमा आवश्यक समन्वय गर्नुपर्ने।

## तस्विरहरु



अन्तरवार्ता दिदै कक्षाका एक सहभागी




सहभागीको बचत पासबुक



२१ हप्ते कक्षा समापन पछिको सामुहिक तस्बिर



विपन्नलाई सामी मार्फत एम्बुलेन्स सेवा

बानियाटार वित्तीय साक्षरता कक्षाका सहभागीहरुलाई चप्पल बनाउने तालिम सञ्चालन










टुडिखेल चौतारा मर्मत










सिढि निर्माणयोजना





पहिरो रोकथाम योजना



सिढि निर्माण योजना

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रम तथा रोजगार शाखा
बन्दीपुर, तनहुँ